गोकुलगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बागमती, प्रदेश, नेपाल

पत्र संख्या: ०८२/०८३
चलानी न. २०५२

मिति : २०८३/०२/२७
ने.सं. ११४६

## साइबर सुरक्षा सचेतना तालिम कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव (Proposal) आह्वानको सुचना ।

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/२७)**

गोकुलगंगा गाउँपालिका भित्र रहेका ७ वटै माध्यमिक विद्यालयहरूमा अध्ययनरत कक्षा ९-१२ का विद्यार्थीहरूलाई प्रविधिको सुरक्षित प्रयोग, डिजिटल साक्षरता र सम्भावित साइबर अपराधबाट बच्ने उपायहरूका बारेमा सचेत गराउने उद्देश्यले **"साइबर सुरक्षा सचेतना तालिम"** कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। यस गाउँपालिकाको चालू आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुसार उक्त कार्य सञ्चालन गर्न इच्छुक, दर्तावाल तथा नवीकरण भएका सम्बन्धित क्षेत्रका दक्ष परामर्शदाता, संस्था वा फर्महरूबाट तोकिएका सर्तहरूको अधिनमा रही रीतपूर्वकको **आर्थिक प्रस्ताव सहित कोटेशन ( Financial Proposal)** पेस गर्न आह्वान गरिन्छ।

**१. कार्यक्रमको विवरणः**

- **कार्यक्रमको नामः** माध्यमिक विद्यालयस्तरीय साइबर सुरक्षा सचेतना तालिम।
- **लक्षित समूहः** गोकुलगंगा गाउँपालिका भित्रका ७ वटै माविका कक्षा ९-१२ का ६०० विद्यार्थीहरू।
- **अवधि/ढाँचाः** प्रत्येक माध्यमिक विद्यालयमा १ दिन (६ घन्टा) का दरले जम्मा ७ कार्यदिन।
- **कुल अनुमानित बजेटः** रु. ५,००,०००/- (अक्षरेपीः पाँच लाख रुपैयाँ मात्र - कर सहित)।

**२. प्रस्ताव पेस गर्दा संलग्न गर्नुपर्ने कागजातहरूः**

- संस्था/फर्म दर्ता वा नवीकरण प्रमाणपत्रको प्रतिलिपि।
- स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता (Tax Clearance) प्रमाणपत्रको प्रतिलिपि।
- संस्था/मुख्य प्रशिक्षकको कार्यअनुभव (समान प्रकृतिका तालिम सञ्चालन गरेको कार्यअनुभव पत्र र बायोडाटा)।
- तालिमको प्रस्तावित पाठ्यक्रम रूपरेखा (Course Syllabus) र कार्ययोजना।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधि...

**३. प्रस्ताव पेस गर्ने विधि र अन्तिम मितिः**

- इच्छुक फर्म/संस्थाले आफ्नो आर्थिक प्रस्ताव सिलबन्दी खाममा वा गाउँपालिकाको तोकिएको इमेलमार्फत यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र (अर्थात मिति २०८३/०३/०२ गते कार्यालय समयभित्र) यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ।
- म्याद नाघि आएका वा रीत नपुगेका प्रस्तावहरू उपर कुनै कारबाही गरिने छैन।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने तथा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ। साथै फर्म सूचिकृत बापत लाग्ने सूचिकृत शूल्क (सूचिकृत नभएका हकमा) रु १००० तिरी राजश्व भौचर समेत प्रस्ताव पेश गर्दा सँगै पेश गर्नु पर्नेछ ।

**थप जानकारीका लागिः** गोकुलगंगा गाउँपालिकाको वेबसाइटः www.gokulgangamun.gov.np र इमेलः info@gokulgangamun.gov.np ।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत